# बरहथवा नगरपालिकाको
# संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि,२०८१

प्रस्तावना :

संविधान प्रदत्त मौलिक हकलाई व्यवहारमा कार्यान्वयन गरी शिक्षालाई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजवाद उन्मुख बनाउन सबैको शिक्षामा सहज एवम् समतामूलक पहुँच र निरन्तरता सुनिश्चित गर्न संघीय संसदले बनाएको अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,२०७५ को दफा २७ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को भावनालाई आत्मसाथ गर्दै बरहथवा नगरपालिकाभित्र सञ्चालित निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तरगत सञ्चालित विद्यालयले सेवामूलक र लोककल्याणकारी शिक्षाका लागि योगदान गर्ने निःशुल्क शिक्षा तथा छात्रवृत्तिको सञ्चालन र व्यवस्थापन गर्न बरहथवा नगरपालिका शिक्षा ऐन, २०७६ को दफा १९ को प्रयोजनका लागि उक्त ऐनको दफा ४२ को अधिकार बमोजिम यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"ऐन"** भन्नाले अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन,२०७५ सम्झनु पर्छ ।

(ख) **"संस्थागत विद्यालय"** भन्नाले नेपाल सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी कम्पनी/गुठी ऐन अन्तर्गत दर्ता भई प्रचलित कानुन बमोजिम अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्झनु पर्दछ ।

(ग) **"छात्रवृत्ति"** भन्नाले विद्यार्थीहरुको मासिक पढाइ शुल्कका साथै नेपाल सरकार र विद्यालयले उपलब्ध गराएको अन्य सहुलियत र सुविधा समेतलाई बुझाउँछ ।

(घ)**"निःशुल्क शिक्षा"** भन्नाले विद्यालय वा शैक्षिक संस्थाले विद्यार्थी वा अभिभावकबाट कुनै पनि शीर्षकमा कुनै पनि शुल्क असुल नगरी दिईने शिक्षालाई सम्झनु पर्दछ ।

(ङ) **"नगरपालिका"** भन्नाले बरहथवा नगरपालिकालाई सम्झनु पर्दछ ।

Scanned with CamScanner

(च) **"नगर छात्रवृत्ति व्यवस्थापन समिति"** भन्नाले बरहथवा नगरपालिकाभित्र आधारभूत तथा माध्यमिक शिक्षाका लागि प्रदान गरिने छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ।

(छ) **"विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति"** भन्नाले विद्यालय तहमा प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको नीति निर्धारण तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनु पर्दछ।

## परिच्छेद -२
## उदेश्य

### ३. निर्देशिकाको उदेश्य

१ यस निर्देशिकाको उदेश्यहरु देहाय बमोजिम रहेका छन् :

क) संस्थागत तथा निजि गुठी विद्यालयबाट प्रदान गर्ने छात्रवृत्ति पारदर्शि बनाउने,

ख) छात्रवृत्तिलाई शैक्षिक उद्देश्य हाँसिल गर्ने गरी परिणाममुखी बनाउने,

ग) छात्रवृत्ति कार्यक्रममा लक्षित समूहलाई पहुँच हुने गरी व्यवस्थित गर्ने।

## परिछेच्द -३
## संस्थागत व्यवस्था

### ४.नगर छात्रवृत्ति व्यवस्थापन समिति :

१) बरहथवा नगरपालिकाका विद्यालयहरुका विद्यार्थीहरुलाई प्रदान गरिने सबै प्रकारका छात्रवृत्तिको नीति निर्धारण, सञ्चालन तथा व्यवस्थापन गर्न देहाय बमोजिमको नगर छात्रवृत्ति व्यवस्थापन समिति रहनेछ :

| | |
|---|---|
| क) नगर प्रमुख वा नीजले तोकेको कार्यपालिकाको सदस्य | अध्यक्ष |
| ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ) बरहथवा नगरपालिकाको निजी लगानीका विद्यालयका दुई जना प्रतिनिधि | सदस्य |
| ङ) निजि लगानी विद्यालयहरुमध्ये समितिले मनोनय गरेको वि.व्य.स.को सदस्य , एक जना | सदस्य |
| च) शाखा प्रमुख, शिक्षा,युवा तथा खेलकुद शाखा, | सदस्य सचिव |

... कुमारी कटुवाल
नगर प्रमुख

(क) बैठक सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।
(ख) बैठकमा सम्बन्धित क्षेत्रका बढीमा तिन जना सम्म प्रतिनिधि तथा विज्ञलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ ।

(२) समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) विभिन्न छात्रवृत्ति कार्यक्रमको समन्वय गर्ने,
(ख) प्रकृया पुऱ्याइ छात्रवृत्तिका लागी विद्यार्थी छनोट गर्ने,
(ग) छात्रवृत्ति सम्बन्धी नीति,योजना,कार्यान्वयन,अनुगमन तथा निर्देशन गर्ने,
(घ) छात्रवृत्ति सम्बन्धी अध्ययन ,अनुसन्धान गर्ने /गराउने,
(ङ) छात्रवृत्ति कोष स्थापना तथा व्यवस्थापन गर्ने ।
(च) छात्रवृत्ति सम्बन्धी अन्य कार्य गर्ने ।

**५.विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति :**
(१) विद्यालयमा पारदर्शी रुपमा छात्रवृत्ति वितरण सम्बन्धी कार्य गर्न विद्यालयले निम्न अनुसारको सरोकारवालाहरुको सहभागीतामा एक विद्यालय छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नु पर्नेछ :

| | |
|---|---|
| (क) प्रधानाध्यापक वा प्रिन्सिपल | संयोजक |
| (ख) प्रतिनिधि,वडा समितिबाट एक जना | सदस्य |
| (ग) शिक्षा अधिकृत, शिक्षा,युवा तथा खेलकुद शाखा | सदस्य |
| (घ) प्रतिनिधि,विद्यालय व्यवस्थापन समितिको सदस्यहरुमध्येबाट एक जना अभिभावक | सदस्य |
| (ङ)शिक्षकहरुले आफुहरुमध्येबाट छनोट गरेको एक शिक्षक | सदस्य |

(२) उक्त समितिको बैठक सम्बन्धी कार्यविधि र काम,कर्तव्य तथा अधिकार समिति आफैंले निर्धारण गर्नेछ ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

## परिच्छेद -४
## छात्रावृत्ति कोटा निर्धारण तथा वितरण प्रक्रिया

**६. छात्रवृत्ति कोटा निर्धारण**

(१) छात्रवृत्ति कोटा निर्धारण गर्दा अघिल्लो शैक्षिक सत्रको विद्यालयको शैक्षिक तथ्यांक अनुसारको विद्यार्थी संख्यालाई आधार मान्ने ।

(२) प्रारम्भिक बालबिकास तथा शिक्षादेखि १२ कक्षा सम्मका कुल विद्यार्थी संख्याको देहाय बमोजिम विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण गर्न कोटा आरक्षण गर्ने :

(क) ५०० जना विद्यार्थी भएमा कम्तिमा १० प्रतिशत,
(ख) ५०० देखि ८०० जना सम्म विद्यार्थी भएमा १२ प्रतिशत,
(ग) ८०० भन्दा बढी विद्यार्थी भएमा कम्तिमा १५ प्रतिशत ।

३) प्रत्येक विद्यालयको कुल छात्रवृत्ति कोटा मध्ये ५५ प्रतिशत विद्यालय छात्रवृत्ति व्यवस्थापन समितिले वितरण गरि बाँकी ४५ प्रतिशत नगरपालिकाको नगर छात्रवृत्ति व्यवस्थापन समितिले वितरण गर्नेछ ।

**७.छात्रवृत्ति वितरण प्रक्रिया :**

१) संस्थागत विद्यालयहरुले प्रत्येक कक्षामा प्रथम र द्वितिय हुने विद्यार्थीलाई क्रमश शतप्रतिशत र पचास प्रतिशत शुल्क मिनाहा गरि जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ ।

(२) विद्यालयले प्रदान गर्ने ५५ प्रतिशत छात्रवृत्तिमा जेहेन्दार, असहाय तथा गरिब, अपाङ्गता भएका, महिला, मधेशी, दलित, जनजाती, द्वन्द पिडीत र सहिदका सन्ततीलाई समावेशी आधारमा छनौट गर्नुपर्नेछ । यसरी छनौट गर्दा विद्यालयको शतप्रतिशत छात्रवृत्ति कोटामा अनुसुचि-१ को आधारमा समावेशी कोटा ५५ प्रतिशत परेको हुनुपर्नेछ ।

(३) नगरपालिकाको छात्रवृत्ति बैंकमा रहेको ४५ प्रतिशत कोटामा नगरपालिकाले सुचना प्रकाशन गरी जेहेन्दार र आर्थिक विपन्नताका आधारमा छात्रवृत्ति छनौट गर्ने छ ।

कल्पना कुमारी कट्टुवाल
नगर प्रमुख

Scanned with CamScanner

(४) शैक्षिक सत्रको बिचमा भर्ना हुने र छात्रवृत्तिको समयमा निवेदन पेश नगर्ने विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन विद्यालय तथा नगरपालिका बाध्य हुने छैन ।

(५) छात्रवृत्तिमा अध्ययन गरेका विद्यार्थीहरु उपल्लो कक्षा र तह सम्मका लागि योग्य हुनेछन् तर त्यस्ता विद्यार्थीहरुले तोकिएका परिक्षा वा छनोट प्रक्रियामा प्रत्येक वर्ष सहभागी हुनुपर्नेछ ।

(६) छात्रवृत्तिका लागि निवेदन दिंदा निवेदन साथ विपन्नताको हकमा सम्बन्धीत वडा कार्यालयको सिफारिस र अन्य समावेशी वर्गको हकमा सम्बन्धीत निकायको परिचय पत्र वा सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

७) एउटा छात्रवृत्ति पाईरहेको विद्यार्थीलाई अर्को किसिमको छात्रवृत्ति प्रदान गरिने छैन ।

**८. छात्रवृत्ति छनोट विधि**

(१) संस्थागत विद्यालय र नगरपालिकाले आफ्नो छात्रवृत्ति बैंकमा रहेको छात्रवृत्ति कोटामा छनोट गर्न शैक्षिक सत्र सुरुहुनु १ महिना अघि २१ दिनको सूचना प्रकाशन गर्नुपर्ने छ । तर कार्यविधि कार्यान्वयनको पहिलो वर्ष १५ दिनको सुचना प्रकाशन गरिनेछ ।

(२) छात्रवृत्तिमा अध्ययन गर्न इच्छुक विद्यार्थीले तोकिएको ढाँचा (अनुसुचि २) मा आवश्यक सबै कागजात संलग्न राखी विद्यालय वा नगरपालिकामा निवेदन दिन सक्नेछ ।

(३) छात्रवृत्तिमा छनोट भएको सूचना सम्बन्धीत अभिभावक र विद्यार्थीलाई जेष्ठ मसान्त भित्र जानकारी दिई सक्नु पर्नेछ ।

(४) विद्यालयमा छात्रवृत्तिको लागि निवेदन दिएका विद्यार्थीहरुको विद्यालय छात्रवृत्ति व्यवस्थापन छनौट समितिले आवश्यकता अनुसार लिखित परिक्षा तथा अन्तर्वार्ता संचालन गरि छात्रवृत्तिको लागि योग्यताक्रमको आधारमा विद्यार्थीको सूचि तयार गर्नुपर्नेछ ।

कल्पना कुमारी कट्वाल
नगर प्रमुख

(५) विद्यालय छोडेका कारणले वा अन्य कारणले छात्रवृत्तिको कोटा रिक्त भएमा विद्यालय तर्फ वा नगर छात्रवृत्ति बैंक तर्फ मध्ये जुन रिक्त सो कोटाको प्रक्रिया बमोजिम पुरा गर्न सकिनेछ ।

(६) विद्यालयले शैक्षिक सत्र शुरु भएको २ महिनाभित्र छात्रवृत्ति प्रदान गरिएको विद्यार्थीको नाम ,कक्षा, छात्रवृत्तिको किसिम उल्लेख गरि नगरपालिकाको सम्बन्धीत शाखामा विवरण पठाउनु पर्नेछ ।

## परिच्छेद ५
## अनुगमन

**९. छात्रवृत्ति वितरण अनुगमन** : विद्यालयबाट प्रदान गरिने छात्रवृत्तिको अनुगमन नगर छात्रवृत्ति व्यवस्थापन समितिले गरी आवश्यक सुझाव तथा निर्देशन दिनेछ । तोकिए अनुसार छात्रवृत्ति उपलब्ध नगराउने विद्यालयलाई नगरपालिकाले सचेत गराउने, जरिवाना गर्ने , सरकारी सुविधाहरु रोक्का गर्ने र विद्यालय अनुमति खारेज गर्ने सम्मका कारबाही गर्न सकिनेछ ।

कल्पना कुमारी कटुवाल
नगर प्रमुख

Scanned with CamScanner

अनुसुची -१
दफा ७ को उपदफा २ संग सम्बन्धीत
छात्रवृती वितरण प्रक्रिया

| क्र.सं. | समुह | कोटा (प्रतिशत) |
|---|---|---|
| १ | महिला | ३३ |
| २ | जनजाति | २७ |
| ३ | मधेशी | २२ |
| ४ | दलित | ९ |
| ५ | अपाङ्गता | ५ |
| ६ | मुस्लिम महिला,द्वन्द पिडित,शहिदका छोरा छोरीहरु मध्ये | ४ |

अनुसुची -२
दफा ८ को उपदफा २ संग सम्बन्धीत
बरहथवा नगरपालिका कार्यालय
शिक्षा,युवा तथा खेलकुद शाखा
बरहथवा,सर्लाही

**छात्रवृत्ति आवेदन फारम**

**फोटो**

श्रीमान् अध्यक्षज्यू ,
नगर छात्रवृत्ति व्यवस्थापन समिति,बरहथवा नगरपालिका
बरहथवा,सर्लाही
महोदय,

म..........जिल्ला..............नगरपालिका..........वडा नं.................निवासी श्री...............................को छोरा/छोरी श्री.................................... बरहथवा नगरपालिका संस्थागत विद्यालय छात्रवृत्ति व्यवस्थापन कार्यविधि, २०८१ को सम्पुर्ण शर्तहरुको अधिनमा रही तलका विवरण भरी छात्रवृत्ति पाउनका लागि आवश्यक कागजातका साथ यो निवेदन पेश गरेको छु । उल्लिखित विवरण ठीक साँचो हो,झुटा ठहरीएमा नियम अनुसार सजाय सहुँला बुझाउँला भनी कबुलियत गर्दछु ।

कल्पना कुमारी कट्वाल
नगर प्रमुख

Scanned with CamScanner

विवरण

विद्यार्थीको नाम :.............................................थर :.....................

जन्ममिति :........................जन्मदर्ता नं...............................

हाल पढीरहेको विद्यालयको नाम :.....................................................

ठेगाना :...................................................................

कक्षा :.........................  प्राप्तांक : जिपिए.................................

छात्रवृत्तिमा पढ्न चाहेका कुनै तीन वटा विद्यालयको नाम र ठेगाना :

१.

२.

३.

बाजेको नामथर :................................................

स्थायी ठेगाना :...............................................

बाबुको नाम :....................................................

स्थायी ठेगाना :.................................

अस्थायी ठेगाना :....................................

बाबुको नागरिकताको नम्बर :...............................

जारी मिति र जिल्ला :...............................................

जिल्ला :............................................क्षेत्र :.......................

व्यवसाय :.....................................................

बार्षिक आय अनुमानित ....................................

कार्यालय भए :.......................................................

आमाको नाम :...........................................................

स्थायी ठेगाना :................................................

अस्थायी ठेगाना :...............................................

नागरिकता नं. :.........................................

जारी मिति र जिल्ला :....................................

जिल्ला :............................................ क्षेत्र :....................................

समाप्त ॥

कल्पना कुमारी कट्वाल
नगर प्रमुख